# मनराशिसवा नगरपालिकाको न्यायिक समितिको बैठक संचालन सम्बन्धी निर्देशिका, २०८२

(नगर कार्यपालिकाबाट स्वीकृत मितिः २०८२/०१/१०)

मनराशिसवा नगरपालिका
प्रमाणित गर्नेको नाम:-
पद :- नगर प्रमुख
दस्तखत :-
प्रमाणित मिति

## मनराशिसवा नगरपालिका
## नगर कार्यपालिकाको कार्यालय

मनरा, महोत्तरी, मधेश प्रदेश, नेपाल

प्रमाणित गर्नेको
पद :- नगर
दस्तखत :-
प्रमाणित मिति :

# मनराशिसवा नगरपालिकाको न्यायिक समितिको बैठक संचालन सम्बन्धी निर्देशिका, २०८२

(नगर कार्यपालिकाबाट स्वीकृत मितिः २०८२/०१/१०)

**प्रस्तावनाः**

स्थानीय सरकार सचालन ऐन, २०७४ को दफा ४८ बमोजिम यस मनराशिसवा नगरपालिकामा गठित न्यायिक समितिवाट भएका बैठकहरु तथा न्यायिक समितिका सदस्यहरुबाट फिल्ड अनुगमन भ्रमणको खर्चलाई सुव्यवस्थित एवं पारदर्शी बनाउन नगर कार्यपालिकाबाट स्वीकृत गरी यो निर्देशिका लागू गरिएको छ।

## परिच्छेद-१

## प्रारम्भिक

**१. संक्षिप्त नाम र प्रारम्भः**

(१) यस निर्देशिकाको नाम मनराशिसवा नगरपालिकाको न्यायिक समितिको बैठक संचालन सम्बन्धी निर्देशिका २०८१ रहेको छ ।

**२. परिभाषा विषय वा प्रसङ्गले अर्को अर्थ नलागेमा यस ऐनमाः**

(क) न्यायिक समिति' भन्नाले नेपालको संविधानको धारा २१७ स्थानीय सरकार संचालन ऐनको दफा ४८ को उपदफा (६) बमोजिम गठन भएको समिति सम्झिनु पर्दछ ।

(ख) अनुगमन निरीक्षण भन्नाले कुनै मुद्दा मामिला सम्बन्धमा कुनै ठाउं विशेष, अवस्था र परिस्थितिको नाप जांच गरी सो को जानकारी वा सूचना तोकिएको अधिकारी समक्ष पेश गर्नु भन्ने सम्झिनु पर्दछ ।

नगरपालिका
प्रमाणित गर्नेको नाम:- श्री मोहन पाण्डेय
पद :- नगर
दस्तखत :-
प्रमाणित मिति

(ग) सहजकर्ता भन्नाले न्यायिक समितिको बैठक बस्दा वा न्यायिक समितिका पदाधिकारी अनुगमन निरीक्षणमा जाँदा सहयोग गर्ने नगरपालिकाका कानूनी मामिला शाखाका कर्मचारीहरुलाई सम्झिनु पर्दछ ।

## परिच्छेद-२

## भत्ता सम्बन्धी व्यवस्था

**३. न्यायिक समितिको बैठक भत्ता सम्बन्धी व्यवस्थाः**

(क) न्यायिक समितिको बैठक एक महिनामा कम्तीमा तिन पटक बस्नेछ र आवश्यकता अनुसार जति पटक पनि बस्नेछ ।

(ख) न्यायिक समितिमा उपस्थित सदस्यहरुले बैठक बस्ने दिनमा निम्न बमोजिम बैठक भत्ता पाउने छन् । जसमा १५ प्रतिशत कर कट्टी गरिनेछ। यसमा न्यायिक समितिको बैठकमा सहजकर्ताको भूमिका निर्वाह गर्ने बढीमा २ जना कर्मचारीहरु समेतले भत्ता पाउन सक्नेछन् । बैठक भत्ता एक महिनामा बढीमा तिन पटकका लागि मात्र पाइनेछ ।

| क.स. | पद | बैठक भत्ता | कैफियत |
|---|---|---|---|
| १. | न्यायिक समिति संयोजक | रु. १,५००/- | |
| २. | न्यायिक समिति सदस्य | रु. १,२००/- | |
| ३. | अधिकृत स्तर कर्मचारी | रु.१,२००/- | |
| ४. | सहायक स्तर कर्मचारी | रु. १,०००/- | |
| ५. | सहयोगी | रु.७००/- | |

(ग) न्यायिक समितिबाट एउटा पक्ष र विपक्षको एउटै विवादको समाधान नहुँदासम्म जति पटक बैठक बसे तापनि एक बैठकको मात्र भत्ता पाउन सकिनेछ ।

४. फिल्ड अनुगमन निरीक्षण बैठक भत्ता सम्बन्धी व्यवस्थाः

(क) न्यायिक समितिबाट न्याय सम्पादनको सिलसिलामा कुनै ठाउँमा गई अनुगमन निरीक्षण गर्नुपर्ने भएमा अनुगमन निरीक्षण तथा रेखाङ्कनमा जाने प्राविधिक अमिन, न्यायिक समितिका सदस्य वा सहजकर्ताहरुले नियमानुसार दैनिक भत्ता पाउने छन् ।

(ख) अनुगमन निरीक्षणमा जानुपर्ने भएमा समितिका सदस्यहरुको खटनपटन उक्त समितिका संयोजकको लिखित आदेशमा र सहजकर्ता वा अन्य कर्मचारीहरुको हकमा प्रमुख प्रशासकीय अधिकृतको सिफारिसमा समितिका संयोजकबाट हुनेछ ।

## परिच्छेद-३

## निः शुल्क कानुनी सहायता कोष

५. कानूनी मामिला शाखा अन्तर्गत रहेको असहाय, पीडित र अशक्तहरुका लागि निःशुल्क कानूनी सहायता कोषको रकम पीडित आएर निवेदन दिएको आधारमा न्याययिक समितिले छानविन गरी बैठकको निर्णयबाट खर्च गर्न सकिनेछ ।

## परिच्छेद-४

## विविध सम्बन्धी व्यवस्था

६. यो निर्देशिका पारित भई राजपत्रमा प्रकाशित भएको मितिदेखि लागू हुनेछ तर बैठक भत्ताको हकमा चालु आ.व.को शुरुवातदेखि निर्देशिका पारित भएको मिति सम्म बसेका न्यायिक समितिका बैठकहरुको भत्ता यो निर्देशिका बमोजिम उपलब्ध गराउन सकिनेछ ।

७. न्यायिक समितिले छलफलका क्रममा आवश्यक ठानेमा नगर प्रमुख, प्रमुख प्रशासकीय अधिकृत, वडा अध्यक्ष तथा अन्य विज्ञलाई आमन्त्रण गर्न सकिनेछ। आमन्त्रित व्यक्तिलाई न्यायिक समिति सरह भत्ता उपलब्ध गराउन सकिनेछ ।

८. मेलमिलापकर्तालाई मेलमिलाप गराउँदा खाजा खर्च बापत प्रति दिन रु.२०० प्रति व्यक्ति उपलब्ध गराउन सकनेछ ।

मनराशिसवा नगरपालिकाका
प्रमाणित गर्नेको नाम :- श्री मोहन पाण्डेय
पद :- नगर प्रमुख
दस्तखत :-
प्रमाणित मिति :-

९. यो निर्देशिका लागू हुनुपूर्व भए गरेका काम कारवाहिहरु यसै वमोजिम भए गरेको मानिनेछ ।

१०. यो निर्देशिका आवश्यकता अनुसार परिमार्जन गर्न सकिनेछ ।